This Question Paper consists of 31 questions and 7 printed pages.

Roll No. | | | | | | | | | | | | | Code No. **51/AS/3**

Set **A**

# NEPALI

# ( नेपाली )

# (231)

Day and Date of Examination ____________________

Signature of Invigilators 1. ____________________

2. ____________________

**सामान्य अनुदेश :**

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस्।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन।
5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. **51/AS/3** लेख्नुहोस्।

# NEPALI

# ( नेपाली )

# (231)

समय : **3** घण्टा ] [ पूर्णाङ्क : **100**

**निर्देश :**

1. सबै प्रश्नको उत्तर अनिवार्य छ।
2. सबै प्रश्नहरू ध्यानपूर्वक पढनुहोस् अनि उत्तर दिनुहोस्।
3. प्रश्न संख्या **1** देखि **11** सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तरको उत्तर-पुस्तिकामा चिह्नित गर्नुहोस्।

**1.** 'भक्तमाला' कविता कुन् भावधारामा लेखिएको छ? **1**

(A) रामभक्ति (B) कृष्णभक्ति

(C) शिव भक्ति (D) नारायण भक्ति

**2.** 'गोरखाली जाति' कविता कुन तरिकामा लेखिएको हो? **1**

(A) गद्यको (B) गजलको

(C) आफ्नो (D) कुनै पनि हैन

**3.** कुनै असल व्यक्ति बन्नका लागि सहन गर्नु पर्छ? **1**

(A) खुशी (B) आनन्द

(C) धोका (D) प्रेम

**4.** कवयित्री डॉ. शान्ति छेत्रीले 'एउटा चिट्ठी परेवालाई' कविता रच्नुभयो किन भने? **1**

(A) संसारमा भोक-तिर्खा छ (B) संसारमा अन्याय मात्र छ

(C) संसारमा युद्धको वातावरण छ (D) संसारलाई युद्ध होइन, शान्ति चाहिएको छ

5. 'नासो' कुन् पत्रिकामा प्रकाशित भएको थियो ? 1

(A) शारदा (B) अमिता

(C) हिमाली (D) सुनचरी

6. 'हिमालयन क्लब' सञ्चालित थियो : 1

(A) जर्मनद्वारा (B) ब्रिटिशद्वारा

(C) भारतीयद्वारा (D) कुनै पनि हैन

7. आँखा लाग्नु भनेको के हो ? 1

(A) आँखा उघ्रीनु (B) औला उड्यानु

(C) निद्रा लाग्नु (D) कुनै पनि हैन

8. देवकोटाका प्राय: निबन्धहरूको भाषा छ : 1

(A) सहज (B) क्लिष्ट

(C) बोधगम्य (D) कवितात्मक

9. निबन्धका प्रकार हैन : 1

(A) प्रगीतात्मक (B) वर्णनात्मक

(C) विवरणात्मक (D) विचारात्मक

10. भाव विस्तारलाई भनिन्छ : 1

(A) सङ्क्षेप (B) विस्तृतीकरण

(C) पल्लवन (D) स्पष्टीकरण

11. कवि माधवप्रसाद घिमिरे के कस्तो कवि हुन् ? 1

(A) भाग्यवादी (B) कर्मवादी

(C) जातिवादी (D) साम्राज्यवादी

**12.** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

आचार्य जगदीशचन्द्रले सन् 1896 ई. मा एक अभूतपूर्व नवीन खोज गरे जसद्वारा विश्वमा विशेष रूपमा उनको सम्मान तथा अमर नाम घोषित गरियो। भारतीय विज्ञानको एक जिउँदो नमूना देखेर पाश्चात्य वैज्ञानिकहरू आश्चर्यचकित भए। विभिन्न प्रकारका यन्त्रका सहायताले जगदीशचन्द्रले यो सिद्ध गरिदिए कि वनस्पति र प्राणीहरूमा चेतना केन्द्र एकै प्रकारका हुन्छन्, तिनीहरूमा केही भिन्नता हुँदैन। प्राणीहरूमा झैं वनस्पतिमा पनि समवेदना हुन्छ – पीड़ा र आनन्दको अनुभव हुन्छ। वृक्ष, बिरुवा, पौधाहरूलाई उनले आविष्कार गरेको यंत्रको सहायताले तिनीहरूमा भएको शारीरिक सूक्ष्म स्पन्दन, परिवर्तनको अनुभूति, नाडीको गति, पीड़ा र आनन्दको पृथक पृथक स्पन्दन सजिलै थाहा पाउन सकिन्छ। जगदीशचन्द्र बसुको नाम अनुसार कलकत्तामा 'बोस इन्स्टीच्यूट' स्थापित भई रहेको छ।

(i) आचार्य जगदीशचन्द्र थिए : **1**

(A) प्राध्यापक (B) वैज्ञानिक

(C) दार्शनिक (D) इतिहास लेखक

(ii) 'बोस इन्स्टीच्यूट' कहाँ स्थापित हो ? **1**

(A) बङ्गालमा (B) बाङ्गलादेशमा

(C) अमेरिकामा (D) जर्मनीमा

(iii) जगदीशचन्द्रले कहिले नवीन खोज गरे ? **1**

(iv) जगदीशचन्द्रको प्रसिद्धिका कारण के हो ? **2**

(v) पाश्चात्य वैज्ञानिकहरू किन आश्चर्यचकित भए ? **2**

(vi) जगदीशचन्द्रले के-के सिद्ध गरे ? **3**

(vii) 'स्पन्दन' को अर्थ के हो ? **1**

(viii) उपर्युक्त गद्यांशको सारांश लेख्नुहोस्। **2**

**13.** निम्नलिखित पद्यांशलाई ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :

आमा झै त महान यो जगतमा होला र अर्को कुन
आमा झै सुहृदा अवश्य अरू ता सक्तैन कवै पाउन।
आमा झै सहने सबै दु:ख स्वयं सन्तान कै खातिर
कोही हुन्न अवश्य विश्वभरमा यो सत्य हो आखिर॥

(i) उपर्युक्त पद्यांशमा आमाको भूमिका छ : **1**

(A) सामान्य (B) सहज

(C) महान (D) मायालु

(ii) 'सुहृदा' शब्दको अर्थ हो : **1**

(A) अमृत (B) आमा

(C) कृतज्ञ (D) राम्रो निर्मल मन भएकी

(iii) यस जगतमा आमाको जस्तो दयालु मन कसको छ? **1**

(iv) ''आमा झै सहने सबै दु:ख स्वयं सन्तान कै खातिर'' – को अर्थ स्पष्ट गर्नुहोस्। **2**

**14.** ''एउटा असल ग्रन्थ नष्ट गर्नु र एउटा मानिसको हत्या गर्नु बराबरै हो'' – यो विचार कसको हो? **1**

**15.** मानव आँखाले के हेर्नु पर्छ? **1**

**16.** ''पाको कविको पाको कविता **1**
जति जति गहिरो हुन्छ'' – 'पाको कविको' आशय के हो?

**17.** चियाबारीका शहीदहरूका माग के थिए? **1**

**18.** 'गरीब' कविताको भाव-सौन्दर्य स्पष्ट पारेर लेख्नुहोस्। **5**

**19.** 'मृगतृष्णा' कथाको पात्र-चित्रण गर्नुहोस्। **5**

**20.** मौखिक भाषा के-लाई भनिन्छ? **1**

**21.** (क) निम्नलिखित कुनै **दुइ** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : **2**

उल्लंघन, नीरस, प्रत्येक

(ख) निम्नलिखित कुनै **दुइ** समासको नाम लेख्नुहोस् : **2**

झरी-बतास, महाकवि, त्रिफला

(ग) निम्नलिखित कुनै **दुइ** शब्दका विपरीतार्थक शब्द लेख्नुहोस् : **2**

छोरा, उत्थान, नाफा।

**22.** निम्नलिखित कुनै **दुइ** वाग्धारालाई अर्थ खुलनेगरी वाक्यमा प्रयोग गर्नुहोस् : **2**

खुट्टा घुमाउनु, आँख देखाउनु, नाक छुडाउनु।

**23.** निम्नलिखित कुनै **दुइ** जोड़ी शब्दहरूलाई अर्थ खुलनेगरी वाक्यमा प्रयोग गर्नुहोस् : **4**

अनल-अनिल, फेरि-फेरी, नाड़ी-नारी

**24.** गाउँमा बिजुली नहुँदा कस्ता-कस्ता समस्याहरूको सामना गर्नु पर्छ, स्पष्ट गरी लेख्नुहोस्। **5**

**25.** नशालु पदार्थको सेवनले के कस्तो हानी पुऱ्याउँछ, वर्णन गर्दै एक अनुच्छेद लेख्नुहोस्। **5**

**26.** एउटा गाउँमा 800 मानिस रहने गर्छन्। यसमध्ये 400 जना मानिसहरू नौकरी गर्छन्, 200 जना आफ्नै व्यवसाय गर्छन्, 100 जना सानासाना पसल चलाउछन् अनि रहल खेताला छन्। यस विभाजनलाई 'पाई-चार्ट' मा दिखाउनुहोस्। **5**

**27.** अल्पविराम (,), अर्धविराम (;), सापेक्ष विराम (:), प्रश्न चिह्न ( ?), पूर्ण विराम ( ।) का प्रयोग गर्दा वाक्य गठन गर्नुहोस्। **5**

**28.** निम्नलिखित कुनै एक लोकोक्तिको भाव-विस्तार गर्नुहोस् : **5**

(क) मुखमा राम राम बगलीमा छुरा

(ख) ईमान भनेको लाख हो, धन भनेको खाक हो

29. 'नारीलाई समान अधिकार' विषयमाथि आफ्नो विचार व्यक्त गर्दै मित्रलाई पत्र लेख्नुहोस्। **7**

**अथवा**

शिक्षकको रिक्त स्थानमा नियुक्तिको निम्ति आफूलाई उम्मेदवार बनाइ सम्बन्धित अधिकारीलाई आवेदन पत्र लेख्नुहोस्।

30. निम्नलिखित कुनै **एक** विषयमाथि लगभग 200 शब्दभित्र निबन्ध लेख्नुहोस् : **10**

(क) भाषा र संस्कृतिको संरक्षण

(ख) पर्यावरण प्रदूषण

(ग) अनुशासनको आवश्यक्ता

(घ) यदि म प्रधानमन्त्री भए

31. उपसर्गको परिभाषा अनि उदाहरण लेख्नुहोस्। **2**

- o O o -